प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

**देशभरका बिपन्न, दलित र मुस्लिम समुदायका २८० जना छात्रछात्राहरुलाई प्राविधिक एस.एल.सी र २८० जनालाई डिप्लोमा/प्रमाणपत्र तहको अध्ययनका लागि विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम अनुसार नि:शुल्क अध्ययनका लागि परीक्षार्थी छनौट गर्न प्रवेश परीक्षाको आवेदन भर्ने बारेको अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशित मिति २०७६।०८।२४)

नेपाल सरकारको आर्थिक बर्ष २०७६/०७७ को बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम प्रादेशिक सन्तुलन कायम हुनेगरी संस्थागत पहुंच नपुगेका स्थानीय तहलाई प्राथमिकता दिने गरी देशभरका बिपन्न, दलित र मुस्लिम समुदायका छात्रछात्राहरुबाट निम्न निर्धारित कोटामा २८० जना प्राविधिक एस.एल.सी र २८० जना डिप्लोमा/प्रमाणपत्र तहमा उल्लेखित प्राविधिक शिक्षा प्रदान गर्न परीक्षार्थी छनौटका लागि प्रवेश परीक्षा संचालन गर्नुपर्ने भएकाले योग्य नेपाली नागरिकहरुबाट आवेदन फाराम आव्हान गरिएको हुंदा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

**१. लक्षित बर्ग :**

क) देशभरका बिपन्न, दलित र मुस्लिम समुदायका छात्रछात्राहरुबाट निर्धारित कोटामा २८० जना प्राविधिक एस.एल.सी तह

ख) देशभरका बिपन्न, दलित र मुस्लिम समुदायका छात्रछात्राहरुबाट निर्धारित कोटामा २८० जना डिप्लोमा/प्रमाणपत्र तह

**नोट**: दलितहरुको हकमा राष्ट्रिय दलित आयोग, मुस्लिमहरुको हकमा राष्ट्रिय मुस्लिम आयोग वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयबाट उक्त जाती भनी जारी गरिएको प्रमाणित पत्रको आधारमा साथै बिपन्न समूहको छनौट गर्दा हलिया र कमैयालाई समावेश गरी नेपाल सरकारबाट सुचिकृत सुविधा वञ्चित (Disadvantage Group) २२ वटा समूहहरु (बनकरिया, बराम, बोटे, चेपाङ्ग, दनुवार, धानुक, हायु, झागड, किसान, कुसुन्डा, लेप्चा, माझी, मेचे, कुसवाडिया, राजी, राउटे, सतार, सिंसा, सियार, सुरेल, थामी र थुनम) लाई आर्थिक रुपमा बिपन्न भनी स्थानीय निकायबाट प्रमाणित कागजातको आधारमा बिपन्न कोटामा सहभागी गराउने।

**२. शैक्षिक कार्यक्रम र कोटा :**

**क)प्राविधिक एस.एल.सी तह :**

| क्र.सं | कार्यक्रम र प्रदेश | दलित | | | | | | | मुस्लिम | | | | | | | बिपन्न | | | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ग | ५ | क | सु.प | १ | २ | ३ | ग | ५ | क | सु.प | १ | २ | ३ | ग | ५ | क | सु.प | |
| १. | कुलिनरी आर्ट | ३ | ३ | ३ | ३ | २ | ३ | ३ | १ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | २ | २ | १ | २ | ४० |
| २. | भेटनरी जेटिए | २ | २ | ३ | ३ | २ | २ | २ | १ | २ | १ | १ | २ | १ | १ | २ | २ | ३ | २ | २ | २ | २ | ४० |
| ३. | प्लान्ट जेटिए | २ | ३ | २ | २ | २ | २ | २ | १ | २ | १ | १ | २ | २ | १ | २ | २ | ३ | २ | २ | २ | २ | ४० |
| ४. | सिभिल इन्जिनियरिङ्ग | ३ | २ | ३ | २ | २ | ३ | ३ | २ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | २ | २ | २ | २ | ४० |
| ५. | इलेक्ट्रिकल इन्जिनियरिङ्ग | ३ | ३ | ३ | ३ | २ | ३ | ३ | १ | १ | १ | १ | २ | १ | १ | २ | १ | २ | १ | २ | २ | २ | ४० |
| ६. | मेकानिकल इन्जिनियरिङ्ग | ३ | ३ | १ | ३ | ३ | ३ | ३ | १ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | २ | २ | २ | २ | ४० |
| ७. | अटोमोबाइल इन्जिनियरिङ्ग | ३ | २ | २ | ४ | ३ | ३ | ३ | १ | १ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | २ | २ | २ | ४० |
| | **जम्मा** | **१९** | **१८** | **१७** | **२०** | **१६** | **१९** | **१९** | **८** | **९** | **७** | **७** | **१०** | **८** | **७** | **१३** | **१३** | **१६** | **१३** | **१४** | **१३** | **१४** | **२८०** |

**ख)डिप्लोमा/प्रमाणपत्र तह :**

| क्र.सं | कार्यक्रम र प्रदेश | दलित | | | | | | | मुस्लिम | | | | | | | बिपन्न | | | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ग | ५ | क | सु.प | १ | २ | ३ | ग | ५ | क | सु.प | १ | २ | ३ | ग | ५ | क | सु.प | |
| १. | प्रमाणपत्र तह नर्सिङ्ग | ३ | ३ | ३ | ३ | २ | ३ | ३ | १ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | २ | २ | १ | २ | ४० |
| २. | डिप्लोमा इन फार्मेसी | २ | २ | ३ | ३ | २ | २ | २ | १ | २ | १ | १ | २ | १ | १ | २ | २ | ३ | २ | २ | २ | २ | ४० |
| ३. | डिप्लोमा इन फरेष्ट्री | २ | ३ | २ | २ | २ | २ | २ | १ | २ | १ | १ | २ | २ | १ | २ | २ | ३ | २ | २ | २ | २ | ४० |
| ४. | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | ३ | २ | ३ | २ | २ | ३ | ३ | २ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | २ | २ | २ | २ | ४० |
| ५. | डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ्ग | ३ | ३ | ३ | ३ | २ | ३ | ३ | १ | १ | १ | १ | २ | १ | १ | २ | १ | २ | १ | २ | २ | २ | ४० |
| ६. | डिप्लोमा इन होटल म्यानेजमेण्ट | ३ | ३ | १ | ३ | ३ | ३ | ३ | १ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | २ | २ | २ | २ | ४० |
| ७. | डिप्लोमा इन एग्रिकल्चर (पशु बिज्ञान) | ३ | २ | २ | ४ | ३ | ३ | ३ | १ | १ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | २ | २ | २ | ४० |
| | **जम्मा** | **१९** | **१८** | **१७** | **२०** | **१६** | **१९** | **१९** | **८** | **९** | **७** | **७** | **१०** | **८** | **७** | **१३** | **१३** | **१६** | **१३** | **१४** | **१३** | **१४** | **२८०** |

नोट: ग=गण्डकी प्रदेश, क= कर्णाली प्रदेश र सु.प.=सुदूर पश्चिम प्रदेश

**३. आवश्यक न्यूनतम योग्यता :**

३.१ डिप्लोमा/प्रमाणपत्र तहको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता :

**(क) अक्षराङ्कन पद्धति लागु हुनु पूर्वका प्रवेशिका परीक्षाको हकमा :**

| क्र.सं | अध्यापन गराइने शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | प्रमाणपत्र तह नर्सिङ्ग | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण वा कुल प्राप्ताङ्कमा ४५ प्रतिशत अंक प्राप्त वा एस.एल.सी. उत्तीर्ण भई परिषद् वा त्रिभुवन विश्वविद्यालयबाट यस बमोजिम संचालन हुने कार्यक्रमसंग सम्वन्धित प्राविधिक एस.एल.सी. को कुल पूर्णाङ्कमा क्रमश: ६८.३३ र ६६.६७ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको हुनु पर्नेछ।<br>एस.एल.सी. (प्राविधिक धार) को योग्यताको हकमा उल्लेखित शैक्षिक कार्यक्रमका लागि तोकिएको प्रतिशत भित्र पर्ने ग्रेड कायम हुनेछ। |
| २. | डिप्लोमा इन एग्रिकल्चर (पशु बिज्ञान) | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा परिषद् वा त्रिभुवन विश्वविद्यालयबाट यस बमोजिम संचालन हुने कार्यक्रमसंग सम्वन्धित प्राविधिक एस.एल.सी. को कुल पूर्णाङ्कमा क्रमश: ६८.३३ र ६६.६७ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण। |
| ३. | डिप्लोमा इन फरेष्ट्री | |
| ४. | डिप्लोमा ईन सिभिल इन्जिनियरिङ्ग | |
| ५. | डिप्लोमा ईन जिओमेटिक्स ईन्जिनियरिङ्ग | |

| | | |
|---|---|---|
| ६. | डिप्लोमा इन होटल म्यानेजमेण्ट | एस.एल.सी. (प्राविधिक धार) को योग्यताको हकमा उल्लेखित शैक्षिक कार्यक्रमका लागि तोकिएको प्रतिशत भित्र पर्ने ग्रेड कायम हुनेछ । |
| ७. | डिप्लोमा ईन फार्मेसी | |

**(ख) अक्षराङ्कन पद्धतिको नतिजाको हकमा :**

| क्र.सं. | अध्यापन गराइने शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | प्रमाणपत्र तह नर्सिङ्ग | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमा न्यूनतम C ग्रेड प्राप्त गरी समग्र ग्रेड Grade Point Average (GPA) - न्यूनतम 2 प्राप्त । |
| २. | डिप्लोमा ईन फार्मेसी | |
| ३. | डिप्लोमा ईन सिभिल इन्जिनियरिङ्ग | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य गणित र विज्ञानमा न्यूनतम C ग्रेड र अंग्रेजीमा विषयमा न्यूनतम D+ ग्रेड प्राप्त ।<br>एस.एल.सी. वा एस.ई.ई. प्राविधिक धारमा इलेक्ट्रिकल, सिभिल, कम्प्युटर इन्जिनियरिङ्ग कार्यक्रम अध्ययन गर्नेको हकमा सोही कार्यक्रम अध्ययन गर्न चाहेमा एस.एल.सी. वा एस.ई.ई. प्राविधिक धारमा GPA 1.6 प्राप्त साथै अन्य कार्यक्रममा भर्ना हुन चाहेमा अन्य कार्यक्रमको भर्ना मापदण्ड बमोजिमनै शैक्षिक योग्यता प्राप्त । |
| ४. | डिप्लोमा ईन जिओमेटिक्स ईञ्जिनियरिङ्ग | |
| ५. | डिप्लोमा इन एग्रिकल्चर (पशु विज्ञान) | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य अंग्रेजी, गणित, र विज्ञान मध्ये कुनै दुई वटा विषयमा न्यूनतम C ग्रेड र कुनै एक विषयमा न्यूनतम D+ ग्रेड प्राप्त ।<br>एस.एल.सी. वा एस.ई.ई. प्राविधिक धारमा कृषि वाली विज्ञान र कृषि पशु विज्ञान कार्यक्रम अध्ययन गर्नेको हकमा सोही कार्यक्रम अध्ययन गर्न चाहेमा एस.एल.सी. वा एस.ई.ई. प्राविधिक धारमा GPA 1.6 प्राप्त साथै अन्य कार्यक्रममा भर्ना हुन चाहेमा अन्य कार्यक्रमको भर्ना मापदण्ड बमोजिमनै शैक्षिक योग्यता प्राप्त । |
| ६. | डिप्लोमा इन फरेष्ट्री | |
| ७. | डिप्लोमा इन होटल म्यानेजमेण्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमा न्यूनतम D+ ग्रेड प्राप्त |

**३.२ प्राविधिक एस.एल.सी तहको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता :**

**क. आवश्यक शैक्षिक योग्यताः**

अ. अक्षराङ्कन पद्धति लागु हुनु पूर्वका प्रवेशिका परीक्षाको हकमाः स्वास्थ्य तर्फको कार्यक्रममा भर्नाका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र स्वास्थ्य वा विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण तथा स्वास्थ्य बाहेकका कार्यक्रमका लागि एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण

आ. अक्षराङ्कन पद्धतिको नतिजाको हकमाः मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा वा एसईई परीक्षामा न्यूनतम E ग्रेड प्राप्त ।

**४. फाराम बुझाउने र प्रवेश परीक्षा दिने स्थान :**

परीक्षार्थीले आवेदन फाराम भर्दा जुन प्रदेशको बासिन्दा वा नागरिकता लिएको छ सोही प्रदेशमा मात्र आवेदन फाराम भर्न पाइनेछ र प्रवेश परीक्षा समेत सोही प्रदेशबाट नै दिनुपर्नेछ ।

**५.कोटा रिक्त भएको सम्वन्धमा :**

लक्षित बर्ग, समुदाय र प्रदेश अनुसारको कुनै कार्यक्रममा निर्धारित कोटा खाली रहन गएमा सोही प्रदेशको अन्य बर्ग वा समूहबाट सोही कार्यक्रममा प्रवेश परीक्षा उत्तीर्ण गरेकाहरु मध्येबाट उच्चतम अंक प्राप्त गर्ने परीक्षार्थीहरु छनौट गरिनेछ । सो पश्चात समेत खाली रहन गएको कोटामा सोही प्रदेशबाट अन्य कार्यक्रममा प्रवेश परीक्षा उत्तीर्ण गरी वैकल्पिकमा रहेका मध्येबाट छनौट गरिनेछ ।

**६. आवेदन फाराम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

६.१ फाराम साथ पेश गर्नुपर्ने प्रमाणपत्रहरु परीक्षार्थी स्वयंले प्रमाणित गरी सूची बमोजिम पेश गर्नुपर्नेछ । आवेदन फाराममा उल्लेख गर्नुपर्ने कुरा उल्लेख नगरी आवश्यक कागजात पेश गरेमा परीक्षार्थीहरुको फाराम रद्ध हुनेछ ।

क) नागरिकताको प्रमाणपत्र वा नेपाली नागरिक हो भनी प्रमाणित हुने नावालिग वा जन्म दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

ख) दलितले राष्ट्रिय दलित आयोग वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित गरिएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

ग) बिपन्न बर्ग/समुहबाट आवेदन फाराम भर्नेहरुले आफु चिनीने सम्बन्धित निकायबाट जारी भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

घ) मुस्लिमहरुले राष्ट्रिय मुस्लिम आयोग वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयले मुस्लिम हो भनी प्रमाणित गरिदिएको पत्रको प्रतिलिपी ।

ङ) एस.इ.इ, एस.इ.इ प्राविधिक धार र प्राविधिक एस.एल.सी उत्तीर्ण गरेको मार्कशीट र चारित्रिक प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी ।

च) माइग्रेशन र समकक्षता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (नेपाल सरकारको एस.इ.इ बोर्ड बाहेकका अन्य बोर्डबाट उत्तीर्णहरुका हकमा आवश्यक पर्ने) ।

छ) स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को ३ प्रति फोटो ।

**७. प्रवेश परीक्षा सम्वन्धी जानकारी :**

७.१ प्रवेश परीक्षा

***अ) डिप्लोमा/प्रमाणपत्र तहको लागि :***

क) नेपाल सरकारको प्रवेशिका परीक्षाको पाठ्यक्रमको आधारमा अनिवार्य अंग्रेजी-२०, गणित-२० र बिज्ञान-२० गरी जम्मा ६० पुर्णाङ्कको बस्तुगत बहु उत्तर प्रणालीको प्रश्न सोधिनेछ ।

ख) परीक्षाको समय १.३० घण्टा हुनेछ ।

ग) उत्तरपुस्तिकामा दिइएका ४ वटा गोलो घेरा मध्ये सही उत्तर एकमा Black Gel Pen ले गोलो भित्र पुर्ण रुपमा कालो हुने गरी ढाक्नु पर्नेछ । जस्तै सही उत्तर B भए

| ○ | ● | ○ | ○ |
|---|---|---|---|
| A | B | C | D |

घ) एक भन्दा बढी सम्भावित उत्तरमा चिन्ह लगाएमा वा उत्तरमा केरमेट गरेमा त्यस्ता उत्तरहरु स्वतः रद्ध हुनेछन । जस्तै सही उत्तर B हुंदा

| ○ | ● | ● | ○ |
|---|---|---|---|
| A | B | C | D |

***आ) प्राविधिक एस.एल.सी तहका लागि :***

प्राविधिक एस.एल.सी. का लागि नेपाल सरकारको प्रवेशिका परीक्षा/एस.ई.ई परीक्षाको पाठ्यक्रमको आधारमा अनिवार्य अंग्रेजी-२०, गणित-२० स्वास्थ्य र विज्ञान-२० अंक गरी जम्मा ६० पुर्णाङ्कको बस्तुगत बहु-उत्तर प्रणालीको प्रवेश परीक्षा हुनेछ ।

**८. प्रवेश परीक्षा सम्वन्धी कार्यक्रम :**

| | |
|---|---|
| फाराम बितरण मिति | : २०७६ मंसिर २९ गते आईतबार देखि |
| फाराम बुझाउने अन्तिम मिति | : २०७६ पुस २८ गते सोमवार सम्म |
| प्रवेश परीक्षा हुने मिति | : २०७६ माघ १८ गते शनिवार बिहान ८:०० बजे |
| परीक्षा केन्द्र | : पछि प्रकाशित गरिनेछ । |

**९. आवेदन फाराम पाइने तथा बुझाउने स्थानहरु :**

**क) प्रदेश नं १ का आवेदकहरुका लागि**

- परिषद्, प्रदेश कार्यालय, प्रदेश नं १, इटहरी, सुनसरी
- रत्न कुमार बान्तवा पोलिटेक्निक इन्स्टिच्यूट, इलाम

**ख) प्रदेश नं २ का आवेदकहरुका लागि**

- परिषद्, प्रदेश कार्यालय, प्रदेश नं २, जनकपुरधाम, धनुषा
- लहान प्राविधिक शिक्षालय, लहान, सिराहा
- सन्त अल्पमाई राम नारायण यादव नर्सिङ्ग कलेज, मलंगवा, सर्लाही

**ग) प्रदेश नं. ३ का आवेदकहरुका लागि**

- परिषद्, प्रदेश कार्यालय, प्रदेश नं ३, हेटौंडा, मकवानपुर
- बालाजु स्कुल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी, बालाजु, काठमाण्डौ
- नारायणी पोलिटेक्निक इन्स्टिच्यूट, भरतपुर, चितवन
- जिरी प्राविधिक शिक्षालय, जिरी, दोलखा

**घ) गण्डकी प्रदेशका आवेदकहरुका लागि**

- परिषद्, गण्डकी प्रदेश कार्यालय, मालेपाटन, पोखरा, कास्की
- गोरखा पोलिटेक्निक इन्स्टिच्यूट, पालुंगटार, गोरखा
- धौलागिरी पोलिटेक्निक इन्स्टिच्यूट, वलेवा, वागलुङ
- कालीगण्डकी पोलिटेक्निक इन्स्टिच्यूट, पुट्टार, तनहुं
- आंधिखोला बहु-प्राविधिक शिक्षालय, स्याङ्गजा

**ङ) प्रदेश नं ५ का आवेदकहरुका लागि**

- परिषद्, प्रदेश कार्यालय, प्रदेश नं ५, नयांगाउं, बुटवल, रुपन्देही
- राप्ती प्राविधिक शिक्षालय, लालमटिया, दाङ
- भेरी प्राविधिक शिक्षालय, नेपालगञ्ज, बांके

**च) कर्णाली प्रदेशका आवेदकहरुका लागि**

- परिषद्, कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर,सुर्खेत
- कर्णाली प्राविधिक शिक्षालय, जुम्ला

**छ) सुदुर पश्चिम प्रदेशका आवेदकहरुका लागि**

- परिषद्, सुदुर पश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली
- सेती प्राविधिक शिक्षालय, दिपायल, डोटी
- टिकापुर पोलिटेक्निक इन्स्टिच्यूट, टिकापुर, कैलाली
- भिमदत्त पोलिटेक्निक इन्स्टिच्यूट, पाटन, बैतडी

(आवेदन फाराम परिषद्को वेभसाईट www.ctevt.org.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ)

**१०. पुनश्चः**

क) तोकिएको भन्दा अन्य परीक्षा केन्द्रहरुबाट प्रवेश परीक्षामा सामेल भएमा परीक्षा स्वतः रद्ध हुनेछ ।

ख) प्रवेश परीक्षाबाट मुख्य परीक्षार्थीको रुपमा सिफारिश भई तोकिएको शिक्षण संस्थामा भर्ना भई परिषद् रजिष्ट्रेशन कायम भएमा बिद्यार्थीहरुलाई निर्वाह भत्ता बापत प्रति महिना रु. ३,५००।, यातायात खर्च बापत प्रतिबर्ष रु. १,५००।, पोशाक खर्च बापत प्रतिबर्ष रु २,५००। तथा प्रशिक्षण अवधिभरका लागि निःशुल्क छात्रावासको व्यवस्था गरिनेछ ।

ग) यस परिषद्बाट प्रदान गरिएका छात्रबृत्ति प्राप्त गरी भर्ना भई अध्ययनरत बिद्यार्थीहरुले यस बमोजिमको छात्रबृत्तिमा आवेदन फाराम भर्न पाउने छैनन ।

यो सूचना परिषद्को वेभसाईट www.ctevt.org.np मा समेत हेर्न सकिनेछ ।

**परीक्षा नियन्त्रक**